# यस्ता खालका ठगीहरुबाट जोगिनका लागि सुझावहरु

## “आजको दिन भित्रमा तिर्न बाँकी बिलहरु नतिरेमा अदालत लगिनेछ”

भनेर चिठी वा इमेलद्वारा धम्की दिने, र झुक्याएर चार्ज लाग्ने साइटहरुबाट छिर्न लगाई पैसा असुल्ने




### काल्पनिक बिलिङ ठगी

**यस्तो बेलामा**

- "नगद पठाउनुहोस्", "कोन्बिनि स्टोरबाट e-मनि किनेर पठाउनुहोस्" भनेका ठगीहरु हुन्।
- अपरिचित चिठिपत्र या इमेलहरुलाई बेवास्ता गरौ।

## "कसैले तपाईको क्यास कार्ड अवैध रुपमा चलाईरहेको हुनाले, हामी यसलाई चलाउन नमिल्ने गराईदिन्छौ"

इत्यादि आफू बैक तथा फाइनान्सको कर्मचारी, वा प्हरी भएको नाटक गर्दै कार्ड चोरी गर्ने




### क्यास कार्ड ठगी

**यस्तो बेलामा**

- बैकको कर्मचारी या प्हरी, सिटी अफिसका कर्मचारीहरुले कहिल्यै पनि तपाईको नगद कार्ड लग्ने, पिन नम्बर माग्ने कार्य गर्दैनन्।
- बैकमा सिधै चेक गरौ।

## “बढी भुक्तान गरिएको रकम फिर्ता हुने हुनाले अहिले तुरुन्तै प्रक्रिया पुरा गर्नुहोस्।"

भनेर फोनमा ATM चलाउन मिल्ने बनाउने र अपराधीको खातामा पैसा ट्रान्सफर गर्ने




### रिफन्ड ठगी

**यस्तो बेलामा**

- मेडिकल खर्च या कर तथा बीमा रकम आदिको रिफन्ड प्रक्रिया ATM मा गर्न मिल्दैन।
- पैसाको कुरा निस्किएमा पहिले आफ्नो परिवार या साथीहरुसँग सरसल्लाह गर्नुहोस्।

## “हेलो आमा…कम्पनीको पैसा हिनामिना भयो! फिर्ता गरेन भने पुलिसले समात्छ”

आदि फोनमा छोरा वा छोरी भएको बहाना गरि आमाबुवाको स्नहको फाइदा उठाएर नगद ठगी गर्ने "म हो के म ठगी" अर्थात



### ओरेओरे ठगी

**यस्तो बेलामा**

- पैसाको बारेमा कुरा निस्किएमा, जे भएपनि नआत्तिकन एकचोटिलाई फोन काट्नुहोस् ।
- आफूले नै छोराछोरीलाई सम्पर्क गरि पुष्टि गर्नुहोस्।

**शंका लागेमा, निम्न परामर्श डेस्क वा पुलिससंग परामर्श गर्नुहोस्।**

दोभाषे चाहिएको खण्डमा, तोयोनाका सिटी अफिस विदेशी नागरिक परामर्श डेस्क (मानव अधिकार नीति विभाग) 06-6858-2730 मा सम्पर्क गर्नुहोस्।

तोयोनाका सिटी अफिस जनजीवन सूचना केन्द्र कुराशिकान　उपभोक्ता मामिला परामर्श डेस्क फोन 06-6858-5070

तोयोनाका पुलिस स्टेशन 06-6849-1234　　तोयोनाका मिनामी पुलिस स्टेशन 06-6334-1234

40万人のとよなか未来バトン SDGs to 2030

# उपभोक्ताहरुलाई धोका दिने खराब कामका सम्झौताबाट उत्पन्न हुने समस्याहरुबाट सावधान!

## ट्वाइलेट मर्मतका लागि सोचेको भन्दा बढी बिल चार्ज गरियो

ट्वाइलेट जाम भएको हुनाले, हतारमा ठेकेदारलाई के कति खर्च लाग्छ सल्लाह नगरि बनाउन लगाएको, त्यो बाहेक अन्य थप कुराहरु बनाउनु पर्ने भयो, र अन्तमा धेरै पैसा लगाइयो।



**यस्तो बेलामा**

- ठेकेदारको बारेमा निर्णय गर्न हतार नगरौ।
- मूल्य वा सेवाबाट सन्तुष्ट हुन नसकेको खण्डमा, त्यहि उत्तिखेर नै सम्झौता नगरौ।
- अनावश्यक थप काम गरेको अवस्थामा, पैसा फिर्ता हुन सक्छ।

## भूकम्प आएमा घर कत्तिको बलियो छ फ्रिमा नाप्दिन्छौ भनेर मान्छेहरु आए

यत्तिकै हो भने भूकम्पले घर भत्काउन सक्छ भनेर भनियो। चिन्ता लागेर घर बनाउन दिउँ कि के गरौ दोमन भैरहेको छ।



**यस्तो बेलामा**

- विभिन्न कारण देखाएर सम्झौताको लागि हतार गराउने व्यवसायी सञ्चालकहरुबाट सावधान रहौ।
- अरुपनि दुईचारवटा व्यवसायी सञ्चालकहरुबाट अनुमानित खर्च बिबरण लिएर ध्यानपूर्वक सम्झौता गरौ।
- घर बनाउन आवश्यकता छैन जस्तो लाग्छ भने, अस्पष्ट जवाफ नदिकन, सिधै नगराउने भनौ।

## थाहै नपाई, निरन्तर खरिद भएको थियो

इन्टरनेटमा "परीक्षण मूल्य", "पहिलो पटक विशेष मूल्य" जस्ता विज्ञापनहरु देखेर एकचोटिलाई मात्र भन्ने सोचेले अर्डर गरेको, तर प्रत्येक महिना सामान आईपुग्छ।




**यस्तो बेलामा**

- नियमित खरिद सम्झौताको शर्त त बनेको छैन, बिशेष गरि सम्झौता शर्तमा ध्यान दिएर क्लिक गरौ ।
- सम्झौता विवरणहरु (अन्तिम पुष्टिकरण स्क्रिनको प्रिन्ट या स्क्रिनसटहरु लिने) को रेकर्ड राखौ।
- आवेदन गर्नु अघि, फिर्ता नीति (सामान फिर्ता सर्तहरु) चेक गरौ।

## अर्डर गरेको यादै नभएको सामान पठाइयो

अर्डर नै नगरिकन स्यानिटाइजर दुई बोतल कुरियर सेवाद्वारा एकतर्फी रुपमा पठाइयो, अब के गर्दा ठिक होला?



**यस्तो बेलामा**

- डेलिभरीको टाइममा नगद तिर्नुपर्ने छ भने, सामान नलिकन, डेलिभरी कम्पनीलाई नै फिर्ता लिएर जान लगाऔ।
- यदि तिर्नुपर्ने छैन भने, उपहार हुन पनि सक्छ। यसलाई लिने, र परिवार वा चिनेजानेको मान्छेले त होइन भनि पठाउनेको नाम चेक गरौ।
- यदि पठाउनेको नाम अज्ञात छ भने, यसलाई तुरुन्तै फ्याक्न पनि सकिन्छ तर परिवार आदि आफ्नो वरपरका व्यक्तिहरु संग बुझौ।

**उपभोक्ता मामिला सम्बन्धि केहि समस्या परेमा निम्न परामर्श डेस्कमा परामर्श गर्नुहोस्।**

दोभाषे चाहिएको खण्डमा, तोयोनाका सिटी अफिस विदेशी नागरिक परामर्श डेस्क (मानव अधिकार नीति विभाग)
06-6858-2730 मा सम्पर्क गर्नुहोस्।
तोयोनाका सिटी अफिस जनजीवन सूचना केन्द्र कुराशिकान उपभोक्ता मामिला परामर्श डेस्क फोन 06-6858-5070

豊中市